आँधिखोला लघुवित्त वित्तीय संस्था लि.
Adhikhola Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)
बयरघारी, भीरकोट, स्याङ्जा, नेपाल, फोन नं.:०६३-४००१०३
इमेलः info@albs.com.np, वेबसाइटः www.albs.com.np

प्रति साधारण शेयर रू.१००/- अंकित दरका ४,००,००० कित्ता मध्ये ५,००० कित्ता साधारण शेयरहरू कम्पनीका कर्मचारीहरूको लागि सुरक्षित गरिएको तथा २०,००० कित्ता साधारण शेयरहरू सामुहिक लगानी कोषका लागि बाँडफाँट गरिएको र बाँकी ३,७५,००० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको।

यो विवरण-पत्र नभई
केवल आह्वान-पत्र मात्र हो।

आह्वान-पत्र

विवरण	वास्तविक		आ.ब.०७५/०७६ चैत्र मासान्त	प्रक्षेपित		
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५		आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
प्रति शेयर नेटवर्थ (रु.)	७०।१५	८७।७२	१०६।३८	१०५।६४	१३७।१७	१७७।१०
प्रति शेयर आम्दानी (रु.)	(३०)	(२।७३)	१८।६६	२१।६८	३१।५३	३९।९२
संचित नाफा/(नोक्सान) (रु. हजारमा)	(५,७३२)	(७,३६७)	१,३६५	२,७७८	२७,३७३	५८,५१३

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्कासन खुल्ला मिति	:	२०७६/३/२२ गते
निष्कासन बन्द हुने मिति (छिटोमा)	:	२०७६/३/२५ गते (बैंकिङ्ग समय पश्चात्)
निष्कासन बन्द हुने मिति (ढिलोमा)	:	२०७६/४/२० गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : १० कित्ता
दरखास्त दिनपाउने अधिकतम कित्ता : २,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७६/३/५,
नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७६/३/१०,
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७६/३/१२ गते।

१. संस्थाको नाम :

आँधिखोला लघुवित्त वित्तीय संस्था लि. (Adhikhola Laghubitta Bittiya Sanstha Ltd.)।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको हो सो कुरा :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/५/१०मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७३/१०/१२मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी दश जिल्ला कार्यक्षेत्र भएको "घ" बर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७३/११/१ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय भिरकोट, स्याङ्जा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको कारोवार स्थान स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलबस्तु, रुपन्देही, नवलपरासी, कास्की, लमजुङ र तनहुँ गरी १० जिल्लामा कार्यक्षेत्र रहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृत लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि वित्तीय कारोबार गर्न सक्नेछ। हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छः

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
१.	शाखा कार्यालय, बुढिबजार	पोखरा लेखनाथ, महानगरपालिका-२६ वुडीबजार कास्की
२.	शाखा कार्यालय, रामपुर	रामपुर न.पा.- ५ बेफाढ, पाल्पा
३.	शाखा कार्यालय, सैनामैना	सैनामैना न.पा.-२ झारवैरा, रुपन्देही
४.	शाखा कार्यालय, गोरुसिङ्गे	बुद्धवाटिका न.पा.-३ गोरुसिङे, कपिलवस्तु
५.	शाखा कार्यालय, तम्घास	रेसुङ्गा न.पा.-२ तम्घास, गुल्मी
६.	शाखा कार्यालय, प्रगतिनगर	देवचुली न.पा.-१५ प्रगतिनगर, नवलपरासी
७.	शाख ाकार्यालय, गल्याङ्ग	गल्याङ न.पा.-३, गल्याङ ,स्याङ्जा
८.	शाखा कार्यालय, आरुङ्गखोला	मध्यविन्दु न.पा.-१० आरुङखोला, नवलपरासी
९.	शाखा कार्यालय, छपिया	सियारी गा.पा.-५ छपिया, रुपन्देही
१०.	शाखा कार्यालय, बयरघारी	भीरकोट न.पा.-१ बयरघारी, स्याङ्जा
११.	शाखा कार्यालय, दमौली	ब्यास न.पा.-११ दमौली, तनहुँ
१२.	शाखा कार्यालय, तानसेन	तानसेन न.पा.-४ तानसेन, पाल्पा
१३.	शाखा कार्यालय, ओदारी	वाणगंगा न.पा.-११ ओदारी, कपिलवस्तु
१४.	शाखा कार्यालय, भालवारी	तिलोत्तमा न.पा.-७ भलवाडी, रुपन्देही
१५.	शखा कार्यालय, चुत्राबेसी	सन्धिखर्क न.पा.-२ चुत्रावेशी, अर्घाखाँची
१६.	शाखाकार्यालय, बेलासपुर	पाल्हीनन्दन गा.पा.-२ वेलासपुर, नवलपरासी
१७.	शखा कार्यालय, भोटेओडार	सुन्दरवजार न.पा.-९ भोटेओडार, लमजुङ
१८.	शाखा कार्यालय, ढेकवार	देवदह न.पा.-२ ढेकवार, रुपन्देही
१९.	शाखा कार्यालय, प्रतापपुर	प्रतापपुर गा.पा.-२ सेमरी, नवलपरासी

५. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/५/१० मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७३/१०/१२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी दश जिल्ला कार्यक्षेत्र भएको "घ" बर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७३/११/१ गते देखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ। यस वित्तीय संस्थाका संस्थापकहरुमा बिभिन्न बैंक तथा वित्तीय संस्था, बैंकिङ्ग क्षेत्र, जलविद्युत क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा ब्यापार क्षेत्र एवं ब्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

वित्तीय संस्थाको प्रबन्ध-पत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही लघुवित्त कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,
(घ) वित्तीय क्षेत्रमा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने।

६. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

१. **अधिकृत पूँजीः** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१५ करोड रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १५ लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
२. **जारी पूँजीः** यस वित्तीय संस्थाको जारी पूँजी रु.१० करोड रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
३. **चुक्ता पूँजीः** यस वित्तीय संस्थाको जारी भएका १० लाख कित्ता साधारण शेयर मध्ये रु.६ करोड बराबरको रु.१००/- दरको ६,००,००० कित्ता साधारण शेयरहरु संस्थापक शेयरधनीहरुको नाममा बाँडफाँड भई जम्मा रु.६ करोडरकम चुक्ता भुक्तान भईसकेको छ। यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु.१० करोड हुनेछ।

अधिकृत ,जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

यस वित्तीय संस्थाको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरणः

क्र.सं.	आर्थिक बर्ष	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)
१.	०७३/०७४	रु.५,००,००,०००/-	रु.३,००,२०,०००/-	रु.१,९२,००,०००/-
२.	०७४/०७५	रु.१५,००,००,०००/-	रु.१०,००,००,०००/-	रु.६,००,००,०००/-

७. सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	६,००,०००	६०%	६,००,००,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	४,००,०००	४०%	४,००,००,०००/-	भुक्तानी हुन बाँकी
	जम्मा	१०,००,०००	१००%	१०,००,००,०००/-	

८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ६ (छ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ।

संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित	३ जना
सर्वसाधारण शेयरधनीहरुबाट मनोनित/निर्वाचित	२ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	**६ जना**

यस वित्तीय संस्थाको संचालक हुनको लागि नेपाल राष्ट्र बैंकले जारी गरेको "बैंक तथा वित्तीय संस्थाका संचालक र कार्यकारी प्रमुख नियुक्तीका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियवाली, २०७४" मा भएको ब्यवस्था बमोजिम योग्य हुनु पर्नेछ। यस वित्तीय संस्थाको नियमावलीको दफा २८ मा व्यवस्था भए अनुसार यस वित्तीय संस्थाको संचालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १० (दश) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र व्यवसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो ब्यवस्था लागु हुने छैन।

संचालकको कार्यकाल ४ (चार) बर्षको हुनेछ।

९. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभूत शेयरधनीको विवरण :

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यवसाय	अन्य क्षेत्रको अनुभव
१.	श्री कृष्ण प्रसाद पौडेल	सञ्चालक	५८	नेपाली	दर्सिङ दहथुम, गा.वि.स.-९, स्याङ्जा	३१,२५०	एम.पि.ए.	यस संस्थामा संचालक समिति सदस्य पदमा रही कार्यरत	१.करिव ३० वर्ष स्कुल तथा कलेजमा प्राध्यापन गरेको। २. हाल विभिन्न सरकारी गैह सरकारी क्षेत्रमा आवद्धता रही समाज सेवामा रहेको।
२.	श्री राजेन्द्र प्रसाद रेग्मी	सञ्चालक	५४	नेपाली	भीरकोट-८	३४,२५०	वि.एस्सी	यस संस्थामा मिति २०७५/०९/१९ देखि संचालक समिति सदस्य पदमा कार्यरत	१. एस.ओ.एस.बालग्राम पोखराको, सहायक निर्देशक पदमा २८ वर्ष देखि कार्यरत
३.	श्री डोल राज के.सी.	प्रमुख कार्यकारी अधिकृत		नेपाली	दार्सिङ दहथुम-५, स्याङ्गजा	३४,२५०	वि.ए. अर्थशास्त्र	यस संस्थामा २०७३, कार्तिक देखि प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत।	१. नेपाल बैंकमा करिव ३० वर्षको कार्यअनुभव रहेको २. कालिका लघुवित्त वित्तीय संस्थामा २०७१ सालमा करिव ४ महिना प्रमुख कार्यकारी अधिकृत रहेको
४.	श्री सवित्रा पौडेल	संस्थापक	४६	नेपाली	दार्सिङ दहथुम-९, स्याङ्गजा	३१,२५०	वि.ए. वि.एड	करिव ३० वर्ष शिक्षण पेशामा आवद्धता रहेको।	१. सहकारी, तथा वैंक वित्तीय संस्था र जलविद्युतमा संस्थापक शेयर लगानी रहेको

सञ्चालकहरुको विवरणः

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यवसाय	अन्य क्षेत्रको अनुभव
१.	श्री नरेस के.सी.	अध्यक्ष	४६	नेपाली	दर्सिङ दहथुम, गा.वि.स.-८, स्याङ्जा	१९,३७५	बि.ए.	स्थापना काल देखि नै यस संस्थामा अध्यक्ष पदमा रही कार्य गरेको अनुभव	१. विभिन्न सरकारी तथा गैह सरकारी संस्थामा आवद्ध रहेको। २. वालिङ न.पा.मा लामो समय देखि ब्यवसाय गर्दै आएको।
२.	श्री कृष्ण प्रसाद पौडेल	सञ्चालक	५८	नेपाली	दर्सिङ दहथुम, गा.वि.स.-९, स्याङ्जा	३१,२५०	एम.पि.ए.	यस संस्थामा संचालक समिति सदस्य पदमा कार्यरत	१. करिव ३० वर्ष स्कुल तथा, कलेजमा प्राध्यापन गरेको २. हाल विभिन्न सरकारी तथा, गैह सरकारी क्षेत्रमा आवद्धता रहेको
३.	श्री केहर सिंह के.सी.	सञ्चालक	४५	नेपाली	दर्सिङ ,दहथुम, गा.वि.स.-५, स्याङ्जा	१५६२५	बि.बि.एस.	यस संस्थामा संचालक समिति सदस्यमा रही कार्यरत	१. डेली ग्रोसरी प्रा.लि., काठमाडौमा लगानीकर्ता र बजार निर्देशक पदमा विगत ३ वर्ष देखि कार्यरत २. डिस होम नेपालमा ६ वर्ष प्रवन्धक पदमा कार्य गरेको अनुभव
४.	श्री दिपेन थापा	सञ्चालक	३६	नेपाली	स्वेरेक, गा.वि.स.-९, स्याङ्जा	९३७५	एम.बि.एस	यस संस्थामा संचालक समिति सदस्य पदमा रही कार्यरत	१. चरक,मेमोरियलमा हस्पिटल, पोखरामा ८ वर्ष देखि एम.डी. पदमा कार्यरत
५.	श्री राजेन्द्र प्रसाद रेग्मी	सञ्चालक	५४	नेपाली	भीरकोट-८	३४२५०	बि.एस्सी	यस संस्थामा मिति २०७५/०९/१९ देखि संचालक समिति सदस्य	१. एस.ओ.एस.बालग्राम पोखराको, सहायक निर्देशक पदमा २८ वर्ष देखि कार्यरत रहेको अनुभव।

१०. धितोपत्र जारी गर्नुको उदेश्य :

अ) वित्तीय संस्थाको जारी पूँजी रु.१० करोड मध्ये प्रबन्धपत्रमा ब्यवस्था भए अनुरुप जारी पूँजीको ४०% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण जारी पूँजीका ४०% अर्थात रु.४,००,००,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- दरको४,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन।
आ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न।
इ) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको ब्यवस्था गर्न।

११. सीमित दायित्व सम्बन्धी विवरण :

यो वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरवालाहरुको दायित्व सीमित छ। यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

१२. सकारात्मक पक्षहरु :

१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष ब्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको ब्यवस्थापन सक्षम तथा प्रभावकारी भएको,
२) स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएको अमिट छाप,
३) छिटो छरितो सेवा एवं निर्णय दिने वातावरण,
४) वित्तीय संस्थाको सञ्चालक समिति र ब्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
५) नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासन,
६) सामाजिक जिम्मेवारी र दायित्व।

१३. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ। साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघुवित्त कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं बृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएकोछ।

सि.नं.	कर्जा प्रवाह गरीने क्षेत्रहरु	करिब रकम (रु.)
१	पशुपालन तथा कृषि कर्जा	रु.२,००,००,०००/-
२	खुद्रा ब्यापार र सेवा कर्जा	रु.१,००,००,०००/-
३	साना तथा घरेलु कर्जा	रु.१,००,००,०००/-
	जम्मा	रु.४,००,००,०००/-

१४. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरेको धितोपत्रको संख्या र रकम :

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने ४,००,००० कित्ता साधारण शेयरको लागि रु.४,००,००,०००/- रकम बराबरको प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंद्वारा प्रत्याभुति सेवा प्रदान गरिएको छ।

१५. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात (रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक		*आ.ब. ०७५/०७६ चैत्र मसान्तसम्म
	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	
१. शेयर पूँजी	१९,२००.०००	६०,०००.०००	६०,०००.०००
२. जगेडा तथा कोषहरु	(५,७३१.६३०)	(७,३६७.४७०)	३,८२८.३००
३. ऋणपत्र तथा बण्ड	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	८०,६१८.८४१	२७५,३२४.८६९	३७९,५६२.७०८
५. निक्षेप दायित्व	१३,०५२.५८४	१०३,११८.५०३	१९४,०४५.५३४
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-
८. आयकर दायित्व	-	-	१,६४०.७००
९. अन्य दायित्व	१,०१४.८३९	६,४१४.१६३	१४,९६४.११८
कुल पूँजी तथा दायित्व	१०८,१५४.६३४	४३७,४९०.०६४	६५४,०४१.३६०

सम्पत्ति	वास्तविक		*आ.ब. ०७५/०७६ चैत्र मसान्तसम्म
	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	
१. नगद मौज्दात (सिक्का समेत)	२३.४५५	५२५.६९९	९७०.८०६
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	९०५.९३५	२,८९८.३६८	५,५४७.५५७
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	३३,१६२.८८१	८३,९१८.८१४	२८,९६३.९२४
५. लगानी	-	-	-
६. कर्जा सापट	७०,२६३.१७४	३४५,८०२.१२४	६०९,४९६.९६७
७. स्थिर सम्पत्ति	२,९३०.२५१	३,१६१.९७०	४,९४९.०५६
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
९. अन्य सम्पत्ति	८६८.९३८	१,१८३.०८८	४,११३.०५०
कुल सम्पत्ति	१०८,१५४.६३४	४३७,४९०.०६४	६५४,०४१.३६०

नाफा-नोक्सान हिसाब (रु.हजारमा)

विवरण	वास्तविक		*आ.ब. ०७५/०७६ चैत्र मसान्तसम्म
	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	
१. व्याज आम्दानी	१,६२५.१८३	३८,९१७.५५३	६२४४४.१०२
२. व्याज खर्च	९९१.५६५	२६,०७७.३१२	३५४१६.६२०
खुद ब्याज आम्दानी	६३३.६१९	१२,८४०.२४१	२७०२७.४८२
४. कमिशन तथा अन्य सन्चालन आम्दानी	९३५.१४०	७,०२९.५५३	१५८०५.५८५
५. सटही घटबढ आम्दानी	-	-	-
कुल संचालन आम्दानी	१,५६८.७५९	१९,८६९.७९४	४२८३३.०६७
६. कर्मचारी खर्च	३,०२५.०३४	११,३८२.४१५	१४६४२.७४२
७. अन्य संचालन खर्च	३,५६५.६२६	७,३३९.९९६	६८१८.९८३
८. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	(५,०२१.९०१)	१,१४७.३८४	२१३७१.३४२
९. सम्भावित नोक्सानी	७०९.७२९	३,१३०.१४३	७२५१.२२५
संचालन मुनाफा/(नोक्सान)	(५,७३१.६३०)	(१,९८२.७५९)	१४१२०.११७
१०.गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	३४६.९१९	-
नियमित कारोवारबाट भएको मुनाफा	(५,७३१.६३०)	(१,६३५.८४०)	१४१२०.११७
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	(५,७३१.६३०)	(१,६३५.८४०)	१४१२०.११७
१३.कर्मचारी बोनस व्यवस्था	-	-	१२८३.६४७
१४.आयकर ब्यबस्था	-	-	१६४०.७००
यस वर्षको	-	-	१६४०.७००
गत वर्षको	-	-	-
पर सारिएको आयकर खर्च / (आम्दानी)	-	-	-
खुद मुनाफा/(नोक्सान)	(५,७३१.६३०)	(१,६३५.८४०)	११११९५.७७०

*आ.ब.०७५/०७६ को चैत्र मसान्तसम्मको वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरणहरु हुन।

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :

वासलात

पूँजी तथा दायित्व	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१. शेयर पूँजी	१००,०००	१००,०००	१००,०००
२. जगेडा तथा कोषहरु	५६४०	३७१७१	७७०९५
३. ऋणपत्र तथा बण्ड	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	४३६४९७	६५४७४६	८५११६९
५. निक्षेप दायित्व	२४२५५७	२९१०६८	३३४७२९
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-
८. आयकर दायित्व	५५७५	१३५१३	१७,११०
९. अन्य दायित्व	१९४५३	२३३४४	३०,३४७
कुल पूँजी तथा दायित्व	८०९७२२	११,१९८४२	१४१०४५१

सम्पत्ति	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१. नगद मौज्दात (सिक्का समेत)	११०२	३१२२	६१७६
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	६१०२	७३२३	६५९०
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	४६३४२	६०२४५	१३८५६३
५. लगानी	-	-	-
६. कर्जा सापट	७१८३४१	१००३५८५	१२०४८१३
७. स्थिर सम्पत्ति	५४४४	५९८९	६५८८
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
९. अन्य सम्पत्ति	३२३९०	३९५७९	४७७२१
कुल सम्पत्ति	८०९७२२	११,१९,८४२	१४१०४५१

नाफा-नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१. व्याज आम्दानी	९४२८२	१४९५१४	१९३५६४
२. व्याज खर्च	५४७५७	८४०९१	१०८९५७
खुद ब्याज आम्दानी	३९५२५	६५४२३	८४६०६
३. कमिशन तथा अन्य सञ्चालन आम्दानी	१८३५७	२५६०२	३०७२२
४. सटही घटबढ आम्दानी	-	-	-
कुल संचालन आम्दानी	५७८८२	९१०२४	११५३२८
५. कर्मचारी खर्च	१९५२४	२६३५७	३५५८२
६. अन्य संचालन खर्च	९४०३	१११७७	१३५५६
७. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको संचालन मुनाफा	२८९५५	५३४९१	६६१९१
८. सम्भावित नोक्सानी ब्यवस्थाहरु	८५१४	३९४२	३१२३
संचालन मुनाफा	२०४४०	४९५४९	६३०६८
९.गैर संचालन आम्दानी/खर्च	-	-	-
१०.सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	-	(३३०)
नियमित कारोवारबाट भएको मुनाफा	२०४४०	४९५४९	६२७३८
११.असामान्य कारोवारबाट भएको आम्दानी/खर्च	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	२०४४०	४९५४९	६२७३८
१२.कर्मचारी बोनस व्यवस्था	१८५८	४५०४	५७०३
१३.आयकर ब्यवस्था	५५७५	१३५१३	१७११०
यस वर्षको कर ब्यवस्था	५५७५	१३५१३	१७११०
गत वर्ष सम्मको कर ब्यवस्था	-	-	-
यस बर्षको स्थगन कर खर्च /(आम्दानी)	-	-	-
खुद नाफा/नोक्सान	१३००८	३१५३१	३९९२४

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु.हजारमा)		आ.ब. ०७५/०७६ चैत्र मसान्त	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५		आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
चुक्ता पूँजी	१९,२००	६०,०००	६०,०००	१००,०००	१००,०००	१००,०००
जगेडा तथा कोषहरु	(५,७३२)	(७,३६७)	३,८२८	५,६४०	३७,१७१	७७,०९५
कुल	१३,४६८	५२,६३३	६३,८२८	१०५,६४०	१३७,१७१	१७७,०९५
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	१३,४६८	५२,६३३	६३,८२८	१०५,६४०	१३७,१७१	१७७,०९५
शेयर संख्या (हजारमा)	१९२	६००	६००	१,०००	१,०००	१,०००
प्रति शेयर नेटवर्थ (रु.)	७०.१५	८७.७२	१०६.३८	१०५.६४	१३७.१७	१७७.१०
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा प्रतिफल	-४२.५६%	-३.११%	१७.५४%	१२.३१%	२२.९९%	२२.५४%
प्रति शेयर आम्दानी (रु.)	(३०)	(२.७३)	१८.६६	२१.६८	३१.५३	३९.९२
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न आवश्यक न्यूनतम प्रतिफल				-२.९४%		

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफलः **-२२.८३%**

द्रष्टव्यः माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी आर.के.एस. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री रोजश कुमार शाहद्वारा प्रमाणित गरेको हो।

वित्तीय प्रक्षेपणका आधारः

विवरण	प्रक्षेपित (%)		
	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
१. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	१३५.२२%	२०.००%	१५.००%
२. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	१०४.६२%	३९.७१%	२०.०५%
३. कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात (प्रतिशतमा)	९३.०७%	९४.१४%	८९.८२%
४. कुल आयमा औषत बृद्धिदर	४३.९५%	५५.४७%	२८.०८%
५. कुल खर्चमा औषत बृद्धिदर	४३.७७%	३६.१९%	२८.३९%
६. संचालन खर्च तथा कुल आम्दानी अनुपात	२६%	२१%	२२%
७. खुद मुनाफामा औषत बृद्धिदर	८९५.१६%	१४२.४१%	२६.६२%
८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	८.००%	८.००%	७.७५%
९. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा)	१७.००%	१७.००%	१७.००%
१०.आयकर ब्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
निस्क्रिय कर्जा सापट (प्रतिशतमा)	१.८४%	१.६०%	१.६६%
लगानीमा प्रतिफल	-	-	-
अन्य संचालन खर्चका बृद्धिदर	३७.९०%	१८.८६%	२१.२९%
कर्मचारी खर्चमा बृद्धिदर	३३.३३%	३५.००%	३५.००%
% of Provision on Total Gross Loan	१.६४%	१.५६%	१.५८%
तरलता (CRR)	५.०५%	५.९६%	६.१५%
पूँजीकोष पर्याप्तता (CAR)	१४.८५%	११.९६%	१३.६२%

माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :

संस्थाको आ.ब. २०७५/७६ को चैत्र मसान्तसम्ममा करिब ७१ प्रतिशतको बृद्धि भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७५/७६, २०७६/७७, २०७७/७८ मा क्रमशः १०५, ४०, २० मा प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब. २०७५/७६, २०७६/७७, २०७७/७८ को लागि क्रमशः १७, १७, १७ प्रतिशत हुने अनुमान गरिएकोछ।

कर्जा तथा सापट को निक्षेप र प्राथमिक पूँजीको अनुपात CD Ratio अनुपात नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ। जस अनुरुप आ.ब. २०७५/७६, २०७६/७७, २०७७/७८ को लागि क्रमशः ९३.०७, ९४.१४, ८९.८२ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७५/७६, २०७६/७७, २०७७/७८ को लागि कुल कर्जा तथा सापटको क्रमशः १.६४ १.५६ १.५८ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

२. निक्षेपः

संस्थाको आ.ब. २०७४ को आषाढ मसान्तबाट आ.ब. २०७५/७६ को चैत्रसम्ममा ८८.१८ प्रतिशतले बृद्धि भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५/७६, २०७६/७७, २०७७/७८ मा क्रमशः १३५.२२, २०, १५ प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब. २०७५/७६, २०७६/७७, २०७७/७८ को लागि क्रमशः ८, ८ र ७.७५ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

३.तरलताः

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.व २०७५/७६, २०७६/७७, २०७७/७८ को लागि १४.८५ ११.९६ १३.६२ प्रतिशत गरिएको छ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash reserve Requirement) आ.व. २०७५/७६, २०७६/७७, २०७७/७८ को लागि क्रमशः ५.०५, ५.९६, ६.१५ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छुट्याइएको छ।
५. आउंदो वर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ।
६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो।
७. पूँजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनूरुप पूँजीकोषको अनुपात आ.ब. २०७५/७६, २०७६/७७, २०७७/७८ को लागि क्रमशः १४.८५, ११.९६, १३.६२ प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.ब.२०७५/७६, २०७६/७७, २०७७/७८ को लागि क्रमशः १३.९७, १३.०६, १३.९० प्रतिशत हुनेगरि प्रक्षेपण गरिएको छ।
८. माथि उल्लेखित वित्तीय प्रक्षेपणका सम्बन्धमा यस वित्तीय संस्थाको आ.व. २०७५/७६ को चैत्र मसान्त सम्ममा कर्जा तथा सापटमा ८४.८५ प्रतिशत र निक्षेपमा ८८.१८ प्रतिशतले बृद्धी भैसकेको र आगामी दिनमा कार्यक्षेत्र विस्तार एवम् व्यवस्थापनले लिएको विस्तार रणनीतिका कारण वित्तीय प्रक्षेपणमा पेश भएको प्रक्षेपित विवरण यथार्थ रहेका छन्।

१६. अर्न्तनिहित जोखीम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखीम :**
१. कर्जा सापटी तथा कर्जा लगानीको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
३. वित्तीय श्रोतको अभाववाट लगानीको दायरा संकुचित हुनसक्ने जोखीमहरु।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम :**
सो नभएको।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
१. नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
२. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
३. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम :**
सो नभएको।

(ङ) **विदेशी विनिमयको जोखिम :**
सो नभएको।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :**
सो नभएको।

(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
२. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीमः**
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।

(झ) **संचालन इतिहासको अभाव :**
यस वित्तीय संस्थाले आफ्नो कारोबार मिति २०७३ फाल्गुन १ गतेदेखि संचालन गरेकोले वित्तीय संस्थाको संचालन इतिहास छोटो रहेकोछ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः**
प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको संचालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो। वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम ब्यबस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा बिशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेकोछ।

(ट) **अन्य :**
१. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।
वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ। त्यसैगरी ऋण सुरक्षण कोषको ब्यबस्था गरी कर्जा लगानीमा आउन सक्ने संभावित जोखिमलाई सुरक्षित तथा न्यूनिकरण गरिएको छ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जाखिमहरु न्यूनिकरण गर्नका लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेकोछ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१७. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यबस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ। यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँट गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको ब्यबस्था अनुसार खरिद गर्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी ब्यवस्था :**
शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३"को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदरः**
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३"पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो ब्यबस्था लागु नहुने।

(घ) **धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेका शेयर जम्मा/वितरण गर्ने ब्यवस्था मिलाइनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धि विवरण :**
सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैइसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यवस्था सम्बन्धी विवरण :**
सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकरण र दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक ब्यवस्था मिलाइनेछ।

१८. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः

वित्तीय संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण कार्यालय समयभित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, भीरकोट-१, बयरघारी, स्याङ्जार धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखि प्राप्त गर्न वा हेर्न सकिनेछ।

१९. नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, बयरघारी, भीरकोट, स्याङ्जा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम २,००० (दुई हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ।

२०. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनु पर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनु पर्नेछः
    क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
    ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल।
    ग. नाबालक र विक्षिप्त ब्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
    घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
    ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा)।
    च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
    छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनुहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।
१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आबेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।
१४. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आबेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यवस्था गरिनेछ।
१५. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम २,००० (दुई हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

२१. निष्काशन बैंक (Banker to the Issue)

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने।

२२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं, वेबसाइट : www.niblcapital.com
२.	आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड, बयरघारी, भीरुकोट, स्याङ्जा, नेपाल, वेबसाइट : www.albs.com.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु।

२३. धितोपत्र बिक्री खुला अबधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ (चार) कार्य दिन र बढीमा ३० दिन सम्म खुल्ला रहनेछ।

२४. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ। इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। "ईक्रा एनपि आईपिओ ग्रेड ४" ले औसत भन्दा कमजोर (Below AverageFundamental) आधारहरु जनाउँदछ। ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ।
ग्रेड प्रदान गरेको मिति : मार्च २८, २०१९।
ग्रेड बहाल रहने अवधि : मार्च २७, २०२० सम्म।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा एउटा छुट्टै कक्षको ब्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री राम कुमार महतलाई नीजकै कार्यकक्षमा वा नीजलाई कार्यालय समयभित्र ४००५०८० (एक्सटेन्सन नं.४४४) मा सम्पर्क गर्न सकिनेछ।

NIBL ACE CAPITAL
wholly owned subsidiary of नेपाल इन्भेष्टमेन्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)